नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

## प्रेस विज्ञप्ति

## रुसी सेनामा रहेका नेपालीहरु तथा युक्रेनमा बन्दी बनाइएका नेपालीहरु सम्बन्धमा

यस मन्त्रालयले मिति २०८०।४।१६ र मिति २०८०।८।१८ मा जारी गरेका प्रेस विज्ञप्तिहरू मार्फत युद्धग्रस्त मुलुकहरुमा सुरक्षा सम्बन्धी काममा नजानहुन सबैमा सचेत गराइएको विदितै छ।परम्परागत रूपमा रहेको सम्झौता अन्तर्गत केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिकहरू भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नरहेको यस मन्त्रालयबाट पुनःस्पष्ट गरिन्छ।

रुसी सेनामा कार्यरत थप एक नेपाली नागरिक कुन्दन सिंह नागल (राहदानी नं. ०९४७३६३२) को दु:खद निधन भएको जानकारी यस मन्त्रालयलाई प्राप्त भएको छ।

यस मन्त्रालयले नेपालका लागि रुसका महामहिम राजदूत मार्फत रुसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकहरुको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइते लगायतका पीडित परिवारहरुलाई क्षतिपूर्ति उपलब्ध गराउन पुन:अनुरोध गरिएको छ।त्यसैगरी, नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र भर्ना गरिएका नेपाली नागरिकलाई तत्काल नेपाल फर्काउन महामहिम राजदूत मार्फत समेत रुसी सरकारलाई पुन:अनुरोध गरिएको छ।रुसी सेनामा भर्ना भएका नेपाली नागरिकहरुको संख्या, घाइते नेपालीको संख्या तथा उनीहरुको अवस्थाका बारेमा रुसी सरकारबाट आधिकारिक रुपमा यथाशीघ्र जानकारी गराउन स्पष्ट अडान राखिएको छ।

साथै, सरकारी कामकाज, रुसी सरकारको छात्रवृति तथा पेशा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकहरुलाई रुस यात्रा गर्नु परेमा परराष्ट्र मन्त्रालय अन्तरगतको कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरबाट जारी गरिने No Objection Certificate (NOC) लिएर मात्र यात्रा गर्न सकिने व्यवस्था गरिएकोमा सो व्यवस्थालाई विस्तार गरी भारत, बंगलादेश, श्रीलंका, संयुक्त अरव इमिरेट्स, साउदी अरविया, कुवेत, कतार र बहराइनबाट समेत रुस यात्रा गर्नु परेमा तत् तत् देशमा रहेका नेपाली राजदूताबास तथा महावाणिज्यदूताबासहरुबाट जारी गरिने No Objection Certificate (NOC) लिएर मात्र यात्रा गर्नु हुन सर्बसाधारण सबैमा यो मन्त्रालय हार्दिक अपिल गर्दछ।

यस्तै, युक्रेनमा देहायका चार जना नेपाली नागरिकहरुलाई बन्दी बनाएको सन्दर्भमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा बन्दी बनाइएका नेपालीहरुको शीघ्र रिहाइ गरी नेपाल फिर्ता पठाउन युक्रेनी सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको छ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

साथै, निजहरुको रिहाइ र नेपाल फिर्तीको लागि International Committee of the Red Cross लगायत अन्य माध्यमहरुबाट पनि कूटनीतिक पहल भइरहेको जानकारी गराइन्छ।

बन्दीमा रहेका नेपाली नागरिकहरु

१. विवेक खत्री, राजापुर-१, बर्दिया
२. सिद्धार्थ ढकाल, मण्डनदेउ-६, काभ्रेपलाञ्चोक
३. विकास राई, लेटाङ-२, मोरङ
४. प्रतिक पुन,रून्तिगढी-८, रोल्पा

**परराष्ट्र मन्त्रालय**
**सिंहदरबार ।**
**मिति २०८०।०९।०४**